सिमकोट गाउँपालिकाको छैटौं गाउँसभाका श्रद्धेय अध्यक्षज्यू , गाउँसभाका सदस्यज्यूहरु , साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु भएका महानुभावहरुमा म सिमकोट गाउँपालिकाको जननिर्वाचित उपाध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एंव आभार व्यक्त गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय**,

यस सिमकोट गाउँपालिकाको गरिमामयसभामा सिमकोट गाउँपालिकाको उपाध्यक्षको रुपमा आगामी आ.ब. २०७९/०८० को बजेट प्रस्तुत गर्न उभिएकी छु । यस घडीमा सालको परिवर्तन साथै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दा सम्म विभिन्न कालखण्डमा लोकतन्त्र र प्रजातन्त्रको रक्षाका लागि भए गरेका आन्दोलनमा सहादत प्राप्त ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण विभिन्न क्षेत्रमा पर्न गएको असरलाई न्यूनिकरण गर्दै आम जनमानसको जीवन रक्षा गरि जनजीवनलाइ पूर्ववत रुपमा पुर्यामउन सम्पूर्ण जनप्रतिनिधि , राष्ट्रसेवक कर्मचारी, राजनितिक दल, नागरिक समाज, संघ संस्था र आम नागरिकको साथ सहयोग रहनेछ भन्ने दृढ विश्वास लिएकी छु ।

बजेट तर्जुमा गर्दा मैले मुलतः सम्मानित सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रम, आबधिक योजना, संघीय सरकारको दिगो विकास लक्ष्यलाइ आधार बनाएकी छु । बजेट तर्जुमाको शिलशिलामा विषयगत समिति , राजश्व परामर्श समिति र विभिन्न संघ संस्था एवंम विद्धत वर्ग लगायत सबैबाट प्राप्त सुझाबलाई समेत ध्यान दिएकी छु ।

**सभाध्यक्ष महोदय,**

कोरोना महामारी लगायत एक मात्र यातायातको साधन हवाई सेवा नियमित उडान नहुनु , स्थानीय तहको निर्वाचनका कारण भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु गत विगतको भन्दा केही ढिला भएको तर असहज परिस्थितिका कारण भौतिक पुर्वधार (सडक, खानेपानी) लगायतका महत्वपूर्ण निर्माणका कार्यहरु भइरहेका छन् ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०७९/०८० को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु । बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन् ।

(क) सबै प्रकारका रोग र विपतबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवन सहज र सुरक्षित गराउने ।

(ख) उपलब्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरि सामाजिक, आर्थिक र भौतिक विकास मार्फत संमृद सिमकोट निर्माण गर्ने ।

(ग) सामाजिक समावेशिकरणको माध्यम बाट सबै वर्ग क्षेत्र लिङ्ग तथा समुदायको गाउँपालिकाबाट हुने सम्पुर्ण क्रियाकलापमा समान पहुँचको अवसर प्रदान गर्दै गाउँपालिका प्रतिको विश्वाशमा अभिवृद्धि गरि अपनत्व बोध गराउने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्य हासिल गर्न मैले देहायअनुसारका प्राथमिकता निर्धारण गरेकी छु ।

- सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन, स्वास्थ्य सेवाको दायरा विस्तार र स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती ।

- नागरिकका लागि काम र रोजगारीको अबसर,सामाजिक सुरक्षा र संरक्षण ।
- गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानी लगायत सामाजिक आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण ।

**सभाध्यक्ष महोदय**,

अब म आगामी आर्थिक बर्षको क्षेत्रगत विनियोजन बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- आर्थिक विकास :- रु २ करोड ७३ लाख विनियोजन गरेकी छु । जुन कुल बजेटको ५.७ प्रतिशत रहेको छ ।
- सामाजिक विकास तर्फ :- रु २४ करोड ७२ लाख ९३ हजार २ सय २९ रुपैया विनियोजित गरेकी छु । जुन कुल बजेटको ४६ प्रतिशत रहेको छ ।
- भौतिक पुर्वाधार विकास तर्फ :- ९ करोड ८८ लाख ९० हजार विनियोजन गरेकी छु । जुन कुल बजेटको १८.३९ प्रतिशत रहेको छ ।
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ;- रु २ करोड ५० लाख विनियोजित गरेकी छु । जुन कुल बजेटको ४.६ प्रतिशत रहेको छ ।
- सुशासन तथा संगठन विकास तर्फ :- रु १३ करोड ९० लाख ९९ हजार ४ सय २ रुपैया विनियोजन गरेकी छु । जुन कुल बजेटको २६.४८ प्रतिशत रहेको छ ।

**<u>जस अनुसार यि क्षेत्रहरु रहेका छन ।</u>**

**शिक्षा क्षेत्र :-**

- गुणस्तरीय शिक्षाको व्यबस्था गर्न शिक्षक व्यवस्थापन तथा शैक्षिक सुधारको लागि **रु १५ करोड २४ लाख** विनियोजन गरेकी छु ।
- शिक्षा र स्वास्थ्य क्षेत्रको मास्टर प्लान निर्माणका लागि रु १० लाख विनियोजन गरेकी छु ।
- युवा तथा खेलकुदका लागि रु १० लाख विनियोजन गरेकी छु ।

**स्वास्थ्य क्षेत्र :-**

- गाउँपालिकामा प्राप्त स्रोतका आधारमा स्वास्थ्य क्षेत्र प्रवद्धन गर्न **रु २ करोड ८८ लाख** विनियोजन गरेकी छु ।
- बहुक्षेत्रिय पोषण सुदृढिकरण गर्नका लागीर रु १ करोड २७ लाख विनियोजन गरेकी छु ।
- भौगोलिक विकटतालाई मध्यनजर गरि सिध्र स्वास्य पहुँचकालागी एम्बुलेन्स आवश्यक बजेट व्यवस्था गरिकी छु ।

खानेपानी तथा सरसफाई :-

- सुरक्षित खानेपानी तथा सरसफाईका लागी रु ३ करोड ११ लाख विनियोजन गरेकी छु ।

**कृषि क्षेत्र :-**

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न,बिउबीजन,कीटनाशक औषधीको उपलब्धता, फलफुलका विरुवा वितरण **गर्न रु २० लाख** विनियोजन गरेकी छु ।
- फलफुल खेतिको विस्तार गरि पकेट क्षेत्रका रुपमा संचालन गर्न रु ३३ लाख विनियोजन गरेकी छु ।
- माटो परिक्षण शिविर संचालन गरि माटोको गुणस्तर पहिचान गर्न **रु २ लाख** विनियोजन गरेकी छु ।
- किसान सूचिकरण मार्फत कृषक परिचय वितरणका लागि रु ३ लाख विनियोजन गरेकी छु ।

**पशु विकाश तर्फ :-**

- पशु स्वास्थ्य सुधार तथा पशु सेवा कार्यक्रम संचालनका लागि **रु १० लाख** विनियोजन गरेकी छु ।
- समग्र पशुपंछि क्षेत्रको विकास का लागी पकेट क्षेत्र संचालन गर्न रु २८ लाख विनियोजन गरेकी छु ।

**भौतिक पुर्वाधार क्षेत्र :-**

- **समग्र भौतिक पुर्वाधार विकासका लागी रु ९ करोड ८८ लाख ९० हजार विनियोजन गरेकी छु ।**

**रोजगार तर्फ :-**

- विद्यमान वेरोजगारीको अवस्थालाई न्युनिकरण गर्दै युवा हरुलाई स्वदेशमै रोजगारीको अवसर प्राप्त गर्न सहज होस भन्ने उद्देश्यले युवा स्वरोजगार कार्यक्रमको लागि **रु १ करोड ८६ लाख** विनियोजन गरेकी छु ।

**सामाजिक समावेशिकरण तर्फ :-**

- सामाजिक, आर्थिक रुपले पछाडी पारिएका वा परेका समुदाय वा व्यक्तिको सवलिकरणको लागि लक्षित वर्ग कार्यक्रम संचालनार्थ **रु १८ लाख** विनियोजन गरेकी छु ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमका लागि **रु १५ लाख** विनियोजन गरेकी छु ।

**सामाजिक न्याय तर्फ :-**

- न्यायमा सबै वर्ग , क्षेत्र तथा समुदायको पहुँचको सुनिश्चितता तथा न्यायपूर्ण समाज निर्माण का लागि न्यायीक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि **रु १५ लाख** विनियोजन गरेकी छु ।

**सुशासन तथा राष्ट्रसेवक कर्मचारी तर्फ :-**

- कर्मचारीहरुको काम प्रतिको उत्साहलाई कायम राख्न, कर्मचारी को मनोवल उच्च पार्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले गाउपालिकाको कार्यालयका साथै अन्य विषयगत शाखामा कार्यरत कर्मचारीको सेवा निवृत्त जीवनलाई सहज बनाउन कर्मचारी कल्याण कोषमा रहने गरी **रु ४० लाख** विनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु ५३ करोड ७५ लाख ८२ हजार ६ सय ३१ रुपैया** बजेट विनियोजन गरेकी छु । कुल विनियोजित मध्ये आन्तरिक आम्दानी , राजश्व वाँडफाँड र वित्तिय समानिकरणबाट प्राप्त अनुदान बाट **रु. २१ करोड ९ लाख ३९ हजार** जुन कुल बजेटको **३९.२३** प्रतिशत हुन्छ र सशर्त अनुदान तर्फ रु ३२ करोड २६ लाख ३३ हजार २ सय २९ रुपैया जुन कुल बजेटको **६०.०१ प्रतिशत हुन्छ ।** र अन्य संघ संस्थाबाट रु ४ लाख १० हजार ४ सय २ रुपैया जुन कुल बजेटकव ० .७६ प्रतिशत हुन आउछ । उक्त कुल विनियोजित रकम मध्ये चालु खर्च तर्फ , **रु. ३४ करोड ६३ लाख ९३ हजार ५ सय ५ रुपैया** जुन कुल बजेटको **६४.४३** प्रतिशत र पुजिँगत खर्च तर्फ रु १९ करोड ११ लाख ८९ हजार १ सय २६ रुपैया जुन कुल बजेटको ३५.५७ प्रतिशत हुन्छ ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७९/८० को अनुमानित आय-व्ययको अनुमान अनुसूची १ मा उल्लेख छ ।

प्रस्तुत आगामी आ .व. २०७९/०८० को बजेट कार्यान्वयन बाट कोरोना लगायत सबै प्रकारका अन्य रोगहरुबाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सवल हुने , गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, रोजगारीको अवसर सृजना हुने , सबै नागरीकले सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने साथै न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेकी छु ।

आगामी आवमा तत्काल प्रतिफल दिने गरि खानेपानी सडक जस्ता भौतिक पुर्वाधार आयोजनाको निर्माण कार्य अघी बढ्नुका साथै सम्पन्न हुने अपेक्षा गरेकी छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू , गाउसभाका सदस्यज्यूहरु , राजनीतिक दल , विषयगत समितिका पदाधिकारी , नागरिक समाज , विद्धत वर्ग लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु ।बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

अन्त्यमा, गाउँपालिका भित्र र बाहिर रहनु भएका गाउँपालिका बासी सम्पूर्ण आमा बुवा, दिदी बहिनी तथा दाजुभाईलाई समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

**धन्यवाद !!!**

**सुशीला रोकाया**
**उपाध्यक्ष सिमकोट गाउँपालिका**